दुप्चेश्वर गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ६ संख्या १० वैशाख १७, २०८० साल

## भाग-२

## दुप्चेश्वर गाउँपालिकाको
## गाउँ कार्यपालिकाको कार्यालय

## नुवाकोट

बागमती प्रदेश, नेपाल

# दुप्चेश्वर गाउपालिका प्राविधिक कर्मचारी फील्ड सुविधा कार्यविधि २०८०

# दुप्चेश्वर गाउँपालिका प्राविधिक कर्मचारी फील्ड सुविधा कार्यविधि २०८०

**प्रस्तावनाः**

दुप्चेश्वर गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारीहरु गाउँपालिकाबाट सञ्चालित विकास योजनाहरु तथा कार्यक्रमहरुको लागत अनुमान, अनुगमन, मापन तथा समन्वय गर्ने प्रयोजनका लागी प्राविधिक कर्मचारीले प्राप्त गर्ने फिल्ड भत्ताको सुविधालाई व्यवस्थित गर्न बान्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी दुप्चेश्वर गाउँ कार्यपालिकाको मिति २०८० बैशाख १७ गतेको कार्यपालिकाको निर्णयद्वार  यो **दुप्चेश्वर गाउपालिका प्राविधिक कर्मचारी फील्ड सुविधा कार्यविधि २०८०**जारी गरेको छ ।

१. **सक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम " दुप्चेश्वर गाउँपालिका प्राविधिक कर्मचारी फील्ड सुविधा कार्यविधि, २०८०" रहेको छ । (ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखी लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "योजना" भन्नाले दुप्चेश्वर गाउँपालिका भित्र सञ्चालित योजनाहरु सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले दुप्चेश्वर गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ग) "प्राविधिक कर्मचारी" भन्नाले योजना हेर्ने गरी तोकिएको स्थायी अस्थायी दुवै प्राविधिक कर्मचारी सम्झनु पर्दछ ।

(घ) "अधिकृतस्तर" भन्नाले राजपत्राङ्कित वा सो सरह श्रेणी तथा "सहायकस्तर" भन्नाले राजपत्र अनँकित कर्मचारी वा सो सरह श्रेणी सम्झनु पर्दछ ।

(ङ) फील्ड भिजिट भन्नाले महिनाको कम्तिमा १२ दिनको स्थलगत भिजिटलाई सम्झनु पर्दछ ।

३. **फील्ड भिजिटः** (१) यस दुप्चेश्वर गाउँ कार्यपालिकामा कार्यरत अधिकृतस्तर तथा सहायकस्तर र मातहतका ७ वटै वडा कार्यालयमा कार्यरत प्राविधिक कर्मचारीहरु गाउँपालिकाबाट सञ्चालित विकास योजनाहरुको प्रभावकारिताका साथ सञ्चालन तथा सम्पन्न गर्न गराउनको लागि योजनास्थलमै पुगि आ-आफ्नो तोकिएको पदीय कार्य जिम्मेवारी इमान्दारिताका साथ सम्पादन गर्नु पर्नेछ ।

४. **फील्ड सुविधाः** फील्ड भिजिटमा जादा दुप्चेश्वर गाउँ कार्यपालिकाको कार्यालयबाट देहाय बमोजिमको फील्ड सुविधा पाईनेछ ।

| **क्र स** | **पद/तह/स्तर** | **प्राप्त हुने फील्ड भत्ता** |
|---|---|---|

| | | |
|---|---|---|
| १ | इन्जिनीयर /अधिकृतस्तर /शाखा प्रमुख वा सो सरह | तलव स्केलको २५ प्रतिशत |
| २ | सव- इन्जिनीयर/सहायकस्तर पाचौ वा सो सरह | तलव स्केलको २५ प्रतिशत |
| ३ | अ.सव- इन्जिनीयर/सहायक स्थर चौथो वा सो सरह | तलव स्केलको २५ प्रतिशत |

५. **भुक्तानीः** (१) दफा ४ बमोजिमको फील्ड सुविधा प्राप्त गर्न अनुसूची १ बमोजिमको ढाँचामा सम्बन्धित प्राविधिक कर्मचारीले शाखा प्रमुखलाई आफ्नो कामको प्रतिवेदन अनुसुची बमोजिम पेश गर्नु पर्दछ शाखा प्रमुखले प्रशासन शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृतलाई पेश गर्नु पर्दछ ।

(२) मासिक फील्ड भ्रमण फाँटबारीको मूल्याङ्कन एवम् स्विकृत गरी फील्ड भत्ता बजेट शिर्षक वा कन्टिन्जेन्सिबाट उपलब्ध गराईनेछ ।

(३) प्रचलित कानुन बमोजिम घर विदा, विरामी विदा, अध्ययन विदा , प्रसुति स्याहार विदा, असाधारण विदामा रहेका प्राविधिक कर्मचारीलाई विदामा रहेको दिनको बराबरको फिल्ड भत्ता बाहेकको रकम मात्र भुक्तानी गरिनेछ ।

(४) स्थलगत योजना हेर्ने गरी तोकिएको बाहेकका स्थायी अस्थायी कुनै पनि प्राविधिक कर्मचारीको हकमा यो कार्यविधि आकर्षित हुने छैन ।

६. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा भएको व्यवस्था संघीय वा प्रादेशिक कानून सग बाझिएमा बाझिएको हदसम्म अमान्य र बदर भई प्रचलित कानून बमोजिम हुनेछ ।

७. **बाधा अडकाउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा सो बाधा अडकाउ फुकाउने पूर्ण अधिकार दुप्चेश्वर गाउँ कार्यपालिकालाई हुनेछ ।

८. **संशोधनः** यस कार्यविधिमा संशोधन गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यपालिकालाई हुनेछ।

९. **बचाउः** यो कार्यविधि जारी हुनु अघि भएको काम कारवाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनुसूची १

दफा ५ को उपदफा १ सँग सम्बन्धीत

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू                                    मिति:
दुप्चेश्वर गाउँ कार्यपालिकाको कार्यालय ,
समुन्द्रटार ,नुवाकोट

**बिषयः मासिक फिल्ड भ्रमण फाटबारी**

मिति.....साल......महिनामा यस दुप्चेश्वर गाउँपालिका अन्तर्गतका निम्न वडा योजनाहरुमा निम्नानुसार फील्ड भ्रमण गरेको व्यहोरा अनुरोध छ ।

| सिन | योजनाको नाम | फील्ड भ्रमण गरिएको वडा न र ठाउ | मिति | उदेश्य | सम्पादित मुख्य काम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| पेश गर्नेको | रुजु गर्नेको | स्वीकृत गर्नेको |
|---|---|---|
| नाम थर : | नाम थरः | नाम थर : |
| दर्जा : | दर्जाः | दर्जा : |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षर |

आज्ञाले,
दिपेश रिजाल
प्रमुख प्रशासकीय अधिकृत